# मकालु राजपत्र

## मकालु गाउँपालिकाद्धारा प्रकाशित

**खण्ड १ नुम, संखुवासभा नेपाल, २०७५।०६।२१, संख्या १**

# भाग १

# मकालु गाउँपालिका

# मकालु गाउँ कार्यपालिकाको कार्यालय

**प्रदेश नं १ संखुवासभा, नेपाल**





## मकालु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मकालु गाउँपालिको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम मकालु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन मकालु गाउँपालि क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले मकालु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्दछ ।

(ख) “कार्यपालिका” भन्नाले मकालु गाउँपालिका सम्झनु पर्दछ ।

(घ) “गाउँपालिका” भन्नाले संविधान बमोजिम स्थापना भएको मकालु गाउँपालिका सम्झनु पर्दछ ।

(ङ) “सभा” भन्नाले संविधानको धारा २२३ (१) बमोजिमको गाउँ सभा सम्झनु पर्दछ ।

(च) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तरगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(छ) “स्थानीय कानुन” भन्नाले गाउ सभाले बनाएको कानुन सम्झनु पर्दछ ।

(ज) “स्थानीय तह” भन्नाले गाउँपालिका लाई सम्झनु पर्दछ ।

(झ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

३. **ऐन बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको

कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त आवश्यकता अनुसार ऐन बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम ऐन बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. नियम, विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः** (१) संविधान र ऐन अन्तर्गत गाउँ कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) बमोजिम आवश्यकता अनुसार नियम, विनियम, निर्देशिका,कार्यविधी र मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

आज्ञाले
प्रमु प्रशासकीय अधिकृत